अध्यक्षको मन्तव्य,

# हालै व्यवस्थापिका संसदबाट पारित श्रम ऐन र सामाजिक सुरक्षा ऐन बिषयमा अन्तरक्रिया कार्यक्रमका लागि बुंदाहरू

- श्रम क्षेत्रका समस्या समाधान गर्दै असल औद्योगिक सम्बन्धको विकास गर्न श्रम सम्बन्धी ऐन कानूनहरूमा समय सापेक्ष सुधारको आवश्यकता महसूस गरी श्रम ऐन सुधारको प्रकृया थालनी भएको स्मरण गराउन चाहन्छु । श्रम ऐन कानून ुधारका लागि हामी रोजारदाता र ट्रेड यूनियन बीच भएको सहमतिको प्रतिफल स्वरूप अहिले श्रम ऐन र सामाजिक सुरक्षा ऐन २ वटा महत्वपूर्ण ऐनहरू संसदबाट पारित भएका छन् । यी ऐन पारितसँगै नेपालको श्रम सम्बन्ध नयाँ आयाम तर्फ उन्मुख भएको छ ।
- अहिले पारित श्रम ऐन र सामाजिक सुरक्षा ऐनले समग्र क्षेत्रलाई समेटी आवश्यक प्रावधानको व्यवस्था गरेको पाईन्छ । यसलाई हामीले श्रम क्षेत्रको सुधारको लागि फड्को नै मार्न खोजेको ठानेका छौं ।
- ऐनमा गरिएका व्यवस्थाहरुले ठूलो संख्यामा रहेको स साना उद्योग र व्यवसायलाई प्रत्यक्ष प्रभाव पार्ने हुँदा यसको कार्यान्वयन निकै चुनौतीपूर्ण देखिन्छ । यसको सफल कार्यान्वयनका लागि रोजगारदाता र ट्रेड युनियन वीच थप समझदारी र सहकार्यको आवश्यकता हुने मैले ठानेको छु ।
- श्रम ऐन सुधारको क्रममा हामी बीच ७ बुंदे सहमति, १९ बुंदे सहमति, ११ बुंदे सहमति हुंदै रोजगारदाता र ट्रेड यूनियनको सहमतिमा श्रम ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष प्रस्तुत गरिएको उल्लेख गर्न चाहन्छु ।

- राजनैतिक संक्रमणकालिन अवस्थाका साथै अन्य विविध कारणले श्रम ऐन र सामाजिक सुरक्षा ऐन पारित हुन लामो समयको प्रतिक्षा गर्नु परेतापनि हालै पारित भएका श्रम ऐन र सामाजिक सुरक्षा ऐनले नेपालको श्रम सम्बन्धलाई सुमधुर र भरपर्दो बनाउन ठूलो मद्दत पुग्ने हामीले अपेक्षा गरेका छौं ।
- सहमति र सहकार्यको माध्यमबाट श्रम ऐन र सामाजिक सुरक्षा ऐन ल्याउन सफल भएबाट श्रम सम्बन्धको विकासका लागि हाम्रो आत्मविश्वास बढ्न गएको छ भन्न पाउँदा हामीलाई संतोषको अनुभूति भएको छ ।
- श्रम ऐन सुधारको सन्दर्भमा श्रम लचकता, सामाजिक सुरक्षा, श्रम प्रशासन, लैङ्गिक समानता, ट्रेड यूनियन र सामूहिक सौदाबाजी, अनौपचारिक क्षेत्र र व्यवसायबाट वाहिरिने (Exit Policy) जस्ता ७ वटा बिषयमा केन्द्रीत रही सुधार प्रकृयालाई अघि बढाइएको थियो ।
- माथि उल्लेखित सातवटै बिषयलाई नयाँ श्रम ऐन र सामाजिक सुरक्षा ऐनमा समेट्ने प्रयास भएको छ ।
- श्रम लचकता र सामाजिक सुरक्षाको अवधारणालाई सँगसँगै लैजानु पर्छ भन्ने मान्यता अनुरूप ऐनमा गरिएका यी व्यवस्थाले नेपालको श्रम बजारलाई व्यवस्थित र मर्यादित बनाउन ठूलो बल पुग्ने कुरामा हामी विश्वस्त छौं ।
- लगानी बृद्धि गरी मुलुक भित्रै नयाँ रोजगारी सिर्जना गर्नु पर्ने अहम् चुनौति हाम्रो सामू छ । यसका लागि अनुकूल वातावरण नहुँदा अपेक्षाकृत रूपमा रोजगारी सिर्जना हुन सकेको छैन । श्रम सम्बन्धी ऐनहरूमा भएको यो सुधारले लगानी बृद्धि भई रोजगारी सिर्जना हुने हाम्रो विश्वास छ ।
- मुलुकमा नयाँ संविधान जारीसँगै राजनैतिक संघर्षको चरण पूरा भएको छ । अव हाम्रो प्रमुख एजेण्डा भनेको आर्थिक विकासनै हो । यसका लागि हामी सबैको अठोट र अथक प्रयासको खाँचो छ ।

- रोजगारदाता र ट्रेड यूनियन बीचको सहमति र सहकार्यबाट श्रम बजारको सुधार र असल श्रम सम्बन्ध विकासको लागि महत्वपूर्ण ठानिएका श्रम ऐन र सामाजिक सुरक्षा ऐनहरूको मस्यौदा तयार गरी सरकार समक्ष पेश भई श्रम ऐन र सामाजिक सुरक्षा ऐन ल्याउन सफल भएको कार्य यो क्षेत्र र अन्य मुलुकका लागि पनि एउटा उदाहरण हुने हामीले विश्वास लिएका छौं ।
- नयाँ श्रम ऐनमा गरिएका व्यवस्थाले श्रमिकवर्गका आधारभूत सुविधा र हितको सुनिश्चिता गरेको र यसबाट श्रमिकवर्गको कार्य दक्षता एवं उत्पादकत्व बृद्धिमा योगदान पुग्ने हामीले अपेक्षा गरेका छौं ।
- समुन्नत समाज र समृद्ध राष्ट्र, श्रम ऐन कानून सुधारको साझा उद्देश्य र आधार हो । हामीले यस वस्तुतथ्यमा मनन गरी श्रम बजारको समग्र सुधारलाई लक्षित गरी सहकार्यको थालनी गरेका हौं । विभिन्न समस्याका वावजूद पनि हामी हाम्रो सहकार्यलाई निरन्तरता दिन सफल भएका छौं ।
- हाम्रो प्रतिवद्धता र अथक प्रयासले मुलुकको सामाजिक एवं आर्थिक विकासको लागि मार्ग प्रसस्त गरेको हामीले महसूस गरेका छौं । अव हामीले मुलुकको आर्थिक एवं सामाजिक रूपान्तरणका लागि अझ वढी समझदारी, सहमति र सहकार्यका साथ अघि बढ्नु जरूरी छ ।
- म यस अवसरमा विगतका अनुभव र अभ्यासबाट प्रेरित भई अघि बढ्न सकौं भन्ने शुभेच्छा व्यक्त गर्दै श्रम ऐन कानूनको सुधारलाई परिणाममुखी बनाउन आ–आफ्नो क्षेत्र र तहबाट सहयोग पुऱ्याउनु हुने सबैलाई धन्यवाद दिन चाहन्छु ।

**१ भदौ २०७४, विहिबार**